जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २८३ • २०८३ श्रावण १७ गते आईतवार • 2 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## शान्तिको सन्देश प्रवाह गर्ने उद्देश्यले बृहत् सद्भाव र्‍याली

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १६ श्रावण





पछिल्ला केही दिनदेखि तनाव, प्रदर्शन र कर्फ्यूको अवस्थाबाट प्रभावित जनकपुरधाममा सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र शान्तिको सन्देश प्रवाह गर्ने उद्देश्यले शनिबार बृहत् सद्भाव र्‍याली आयोजना गरिएको छ । जिल्ला प्रशासन कार्यालय धनुषाको अगुवाइमा आयोजित र्‍याली जनकपुरधामस्थित रेल्वे स्टेशनबाट सुरु भई नगरका विभिन्न मुख्य सडक तथा चोकहरूको परिक्रमा गर्दै सम्पन्न भएको थियो ।

र्‍यालीमा विभिन्न राजनीतिक दलका प्रतिनिधि, सुरक्षा निकायका प्रमुख तथा कर्मचारी, स्थानीय तहका जनप्रतिनिधि, धार्मिक अगुवा, नागरिक समाज, उद्योगी व्यवसायी, सञ्चारकर्मी तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो । सहभागीहरूले 'सामाजिक एकता कायम गरौं', 'शान्ति र सद्भाव कायम गरौं' लगायतका नारासहित नगरमा शान्ति र सहिष्णुताको वातावरण बनाउन सबै पक्षलाई आह्वान गरेका थिए ।

र्‍यालीलाई सम्बोधन गर्दै प्रतिनिधिसभा सदस्य मनिष झाले जनकपुरधामको पहिचान नै विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिबीचको सहअस्तित्व र सद्भावमा आधारित रहेको उल्लेख गर्दै त्यो ऐतिहासिक विरासत जोगाउनु सबैको साझा जिम्मेवारी भएको बताए । धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले मिथिला सभ्यता र संस्कृतिले सदैव शान्ति, सहिष्णुता र सद्भावको सन्देश दिँदै आएको उल्लेख गर्दै सामाजिक एकता कायम राख्न सबैलाई संयमित र जिम्मेवार बन्न आग्रह गरे ।

त्यसैगरी जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले नेपालको राजनीतिक परिवर्तनहरू शान्तिपूर्ण आन्दोलनबाट सम्भव भएको स्मरण गराउँदै आफ्ना माग र असन्तुष्टि पनि वार्ता तथा शान्तिपूर्ण माध्यमबाट राख्न आन्दोलनरत पक्षसँग आग्रह गरे । यद्यपि, सद्भाव र्‍याली सम्पन्न भएको केहीबेरमै जनकपुरधाममा युवाहरूको एक समूहले विरोध प्रदर्शन गरेको थियो । प्रदर्शनकारीहरूले सुनसरी र सिरहामा भएका घटनाका दोषीमाथि निष्पक्ष छानबिन गरी कानुनी कारबाही गर्न माग गर्दै नाराबाजी गरेका थिए । पछिल्ला घटनाक्रमका कारण तनावग्रस्त बनेको जनकपुरधाममा प्रशासनले शान्ति र सामाजिक सद्भाव कायम राख्न सबै पक्षलाई संयमता अपनाउन तथा अफवाह र उत्तेजनात्मक गतिविधिबाट टाढा रहन पुन: आग्रह गरेको छ ।




## आन्दोलनरत पक्षका प्रतिनिधिहरूसँग वार्ता



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १६ श्रावण

मधेशका विभिन्न जिल्लामा पछिल्लो समय देखिएको तनावपूर्ण अवस्थालाई सामान्य बनाउने उद्देश्यसहित गृहमन्त्री सुधन गुरुङले शनिबार जनकपुरधाममा आन्दोलनरत पक्षका प्रतिनिधिहरूसँग वार्ता सुरु गरेका छन् ।

सामाजिक सद्भाव कायम गर्दै शान्ति सुरक्षा अवस्था सहज बनाउन गृहमन्त्री गुरुङले आन्दोलनकारी पक्षसँग प्रत्यक्ष छलफल अघि बढाएका हुन् । वार्ताका क्रममा पछिल्ला घटनाक्रम, पीडितका माग र समाधानका उपायबारे छलफल भइरहेको जनाइएको छ ।

गत साउन १० गते सुनसरीको कप्तानगञ्जमा दुई समुदायबीच भएको विवादले हिंसात्मक रूप लिँदा दुई जनाको मृत्यु भएपछि मधेशका विभिन्न जिल्लामा प्रदर्शन चर्किएको थियो । त्यसपछि सिरहाको गोलबजारमा भएको प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर एक युवकको मृत्यु भएपछि तनाव थप बढेको थियो । घटनापछि मधेशका विभिन्न जिल्लामा विरोध प्रदर्शन, निषेधाज्ञा र कर्फ्यु जस्ता सुरक्षा उपाय अपनाइएको थियो । पछिल्लो समय प्रशासन र आन्दोलनरत पक्षबीच संवाद सुरु भएपछि केही स्थानको अवस्था क्रमश: सामान्य बन्दै गएको सुरक्षा निकायले जनाएको छ ।

गृहमन्त्री गुरुङ मधेशका विभिन्न जिल्लाको स्थलगत अवस्था बुझ्दै सुरक्षा संयन्त्रसँग समन्वय गरिरहेका छन् । उनले संवाद र सहमतिका माध्यमबाटै उत्पन्न समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् । प्रशासनले जोखिमपूर्ण क्षेत्रको निगरानीलाई निरन्तरता दिँदै आवश्यक सुरक्षा व्यवस्था कायम राखेको छ । केही जिल्लामा कर्फ्यु खुकुलो बनाइएको भए पनि सम्भावित सुरक्षा चुनौतीलाई ध्यानमा राख्दै निषेधाज्ञा पूर्ण रूपमा हटाइएको छैन ।

## अर्को आदेश जारी नभएसम्म निषेधाज्ञा



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १६ श्रावण

धनुषाको जनकपुरधाम तथा आसपासका संवेदनशील क्षेत्रमा लागू गरिएको कर्फ्यू शनिबार बिहान १० बजेदेखि हटाइएको छ । यद्यपि, शान्ति सुरक्षा र सार्वजनिक व्यवस्था कायम राख्ने उद्देश्यले ती क्षेत्रमा अर्को आदेश जारी नभएसम्म निषेधाज्ञा भने यथावत् रहने भएको छ । जिल्ला प्रशासन कार्यालय धनुषाले जारी गरेको सूचनाअनुसार साउन १४ गते दिउँसो ३:३० बजेदेखि लागू गरिएको कर्फ्यू आदेश जिल्ला सुरक्षा समितिको सिफारिसका आधारमा शनिबारदेखि हटाइएको हो । प्रशासनले पछिल्लो सुरक्षा अवस्थाको समीक्षा गर्दा परिस्थिति क्रमश: सामान्य बन्दै गएको निष्कर्षपछि कर्फ्यू हटाउने निर्णय गरिएको जनाएको छ ।

यद्यपि, निषेधाज्ञा कायम रहेकाले तोकिएको क्षेत्रमा पाँच जनाभन्दा बढी व्यक्ति एकै स्थानमा भेला हुन, सभा, जुलुस, प्रदर्शन वा अन्य समूहगत गतिविधि गर्न पूर्ण प्रतिबन्ध लगाइएको छ ।

प्रशासनले आदेशको उल्लंघन गर्ने व्यक्तिलाई प्रचलित कानुनअनुसार नियन्त्रणमा लिएर कारबाही गरिने चेतावनीसमेत दिएको छ । निषेधाज्ञा लागू गरिएको क्षेत्रभित्र उत्तरतर्फ लक्ष्मीनिया हाटबजार चोकदेखि सिनुरजोडा चोक हुँदै लक्ष्मीपुर बगेवासम्म, पूर्वतर्फ बेलौनी रोडस्थित एमक्यू स्टिल क्षेत्रबाट हुलाकी सडक हुँदै राष्ट्रिय प्राथमिक विद्यालयसम्म, दक्षिणतर्फ नगराइन नगरपालिका क्षेत्रदेखि नगराइन चोकसम्म तथा पश्चिमतर्फ सिनुरजोडा, सोहनी, मणिमण्डप, नेपाल नर्सरी, इस्कोन जनकपुर, दुधमती पुल, बेला र कादरी मस्जिद आसपासका क्षेत्र समेटिएका छन् ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# नेपालीले संसार जित्यो तर आफ्नै घर बिग्रयो

*मानिस जन्मेको भूमिमा मात्र बाँधिएर बस्दैन; ऊ आफ्नो सीप, ज्ञान, श्रम र सपनासँगै संसारभर यात्रा गर्छ। यही वैश्वीकरणको युगमा नेपालीहरू पनि संसारका प्रायः सबै कुनामा पुगेको देखिन्छ। अमेरिका, अस्ट्रेलिया, क्यानडा, बेलायत, युरोप, जापान, दक्षिण कोरिया, खाडी मुलुक– जहाँ अवसर रहेको छ, त्यहाँ नेपाली रहेका छन । यो कुनै लाजको विषय होइन; बरु नेपालीको परिश्रम, क्षमता र संघर्षको प्रमाण रहेको छ। तर यही सफलताबीच एउटा असहज प्रश्न पनि छ– के हामीले अरूका लागि पनि त्यही मापदण्ड स्वीकार गरेका छौं, जुन आफ्ना लागि मागिरहेका छौं ? कुनै नेपालीले अमेरिकाको स्थायी बसोवास प्राप्त गऱ्यो भने सामाजिक सञ्जालमा बधाईको वर्षा हुन्छन । 'देशको सान', 'नेपालीको गौरव', 'अझ उचाइमा पुग्नुस्' भन्ने शुभकामना ओइरिन्छ । कुनै नेपालीले अस्ट्रेलियामा कम्पनी स्थापना गऱ्यो, युरोपमा करोडौंको लगानी गऱ्यो, जापानमा विश्वविद्यालयको प्राध्यापक बन्यो, बेलायतको मेयर बन्यो, अमेरिकाको सांसद बन्यो वा अन्य कुनै देशको उच्च सरकारी प दमा पुग्यो भने हामी गर्वले भन्छौं–'नेपालीले संसार जित्यो ।' राष्ट्रवादको परीक्षा नाराले हुँदैन; नैतिक निरन्तरताले हुने देखिन्छ ।*

*जबसम्म हामी आफ्ना लागि एउटा मापदण्ड र अरूका लागि अर्को मापदण्ड बनाइरहन्छौं, तबसम्म हाम्रो राष्ट्रवाद प्रेमभन्दा बढी सुविधाको राजनीति हुने देखिन्छ । अनि इतिहासले हाम्रो परिचय एउटा आत्मविश्वासी राष्ट्रका रूपमा होइन, आफ्नै तर्कसँग निरन्तर पराजित हुँदै गएको समाजका रूपमा लेख्ने देखिन्छ। नेपाललाई न त अन्धवैश्वीकरणले बचाउँछ, न अन्धराष्ट्रवादले । नेपाललाई बचाउने कुरा भनेको स्पष्ट नीति, समान नैतिकता र आत्मविश्वासी राज्य हो ।*

# नेपाललाई पुनः हिन्दू राष्ट्र घोषणा गर्न सरकारसँग माग

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १६ श्रावण



दशरथ युवा कमिटीले राष्ट्रिय एकता, सामाजिक सद्भाव र सहिदहरूको सम्मानलाई जोड दिँदै नेपाललाई पुनः हिन्दू राष्ट्र घोषणा गर्न सरकारसँग माग गरेको छ। कमिटीका अध्यक्ष लव कुमार झाले शनिबार जारी गरेको प्रेस विज्ञप्तिमार्फत यस्तो धारणा सार्वजनिक गरिएको हो ।

विज्ञप्तिमा नेपालको स्वतन्त्रता, सार्वभौमिकता र अखण्डताका लागि जीवन उत्सर्ग गर्ने ज्ञात तथा अज्ञात शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै उनीहरूको बलिदानको सम्मान गर्नु सबै नेपालीको साझा दायित्व भएको उल्लेख गरिएको छ। शहीदहरूले देखाएको मार्गमा अघि बढ्दै उनीहरूको सपना साकार पार्नुपर्नेमा पनि जोड दिइएको छ। कमिटीले नेपालको ऐतिहासिक पहिचान, धार्मिक परम्परा र सांस्कृतिक विरासतको संरक्षणका लागि नेपाललाई पुनः हिन्दू राष्ट्र घोषणा गर्नुपर्ने माग दोर्होयाएको छ ।

बहुसंख्यक नेपाली नागरिकको धार्मिक आस्था र भावनाको सम्मान गर्दै सनातन धर्म तथा संस्कृतिको संरक्षणका लागि हिन्दू राष्ट्रको अवधारणालाई पुनर्स्थापना गर्नुपर्ने विज्ञप्तिमा उल्लेख छ । त्यससँगै, पछिल्ला दिनमा देखिएका सामाजिक तथा साम्प्रदायिक तनावप्रति चासो व्यक्त गर्दै कमिटीले सबै समुदायबीच आपसी विश्वास, भाइचारा र सहिष्णुता कायम राख्न आग्रह गरेको छ ।

कुनै पनि प्रकारका साम्प्रदायिक द्वन्द्व, विभाजन वा राष्ट्रिय एकतालाई कमजोर बनाउने गतिविधिबाट टाढा रहन सबै नागरिकलाई अपिल गरिएको छ। दशरथ युवा कमिटीले नेपाल सरकार, राजनीतिक दल, नागरिक समाज तथा सम्बन्धित सबै पक्षलाई राष्ट्रिय एकता, सामाजिक सद्भाव र धार्मिक सहिष्णुता सुदृढ बनाउन आवश्यक पहल गर्न आग्रह गरेको छ ।

# अनुसन्धानको निष्कर्ष नआउँदै कसैलाई दोषी वा निर्दोष भन्न नमिल्ने

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १६ श्रावण



गृहमन्त्री सुदन गुरुङले महोत्तरीको बर्दिबासस्थित कालापानी वन प्रकरणमा अनुसन्धानको निष्कर्ष नआउँदै कसैलाई दोषी वा निर्दोष भन्न नमिल्ने बताएका छन् ।

उनले घटनासम्बन्धी सत्यतथ्य प्रहरी अनुसन्धानबाटै बाहिर आउने भन्दै आन्दोलनका नाममा सडक अवरुद्ध गर्नु समस्याको समाधान नहुने स्पष्ट पारे । शनिबार धनुषाको लालगढमा सञ्चारकर्मीसँग कुरा गर्दै गृहमन्त्री गुरुङले कालापानी वन विवादमा झुटा मुद्दा दर्ता गरिएको भन्दै भइरहेको आन्दोलनप्रति सरकार गम्भीर रहेको उल्लेख गरे ।

उनले कानुनी प्रक्रिया पूरा भएपछि मात्रै घटनाको वास्तविकता स्पष्ट हुने भएकाले सबै पक्षलाई संयमता अपनाउन आग्रह गरे । गृहमन्त्री गुरुङले सरकारले वास्तविक सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरण गर्ने तयारी गरिरहेको जानकारी दिँदै यस प्रक्रियालाई प्रभावित पार्ने गतिविधिबाट टाढा रहन आग्रह गरे। सुकुमवासीको नाममा केही समूहले गलत उद्देश्यसहित गतिविधि गर्न खोजेको भन्दै राज्य त्यसप्रति सचेत रहेको उनको भनाइ थियो। उनले आन्दोलनको आडमा उच्छृंखल गतिविधि गर्ने वा सार्वजनिक शान्ति भंग गर्ने जो-कोहीमाथि कानुनअनुसार कारबाही हुने चेतावनीसमेत दिए । यसैबीच, कालापानी वन प्रकरणमा स्थानीयवासीमाथि झुटा मुद्दा लगाइएको आरोप लगाउँदै सुकुमवासी तथा अव्यवस्थित बसोबासीहरूले शनिबार बिहानदेखि वीपी राजमार्ग अवरुद्ध गरेका छन् ।




अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेषः लामो यात्राको योग छ
वृषः विचार गरेर बोल्नुहोला
मिथूनः मनमा पछुतो आउने
कर्कटः अनावश्यक चिन्ता
सिंहः अनावश्यक खर्चको संभावना
कन्याः मित्रतामा फाटो आउने
तुलाः अशुभ समाचार प्राप्त हुने
वृश्चिकः आम्दानी हुने
धनुः खानपानमा समस्या आउने
मकरः पिछडेको साथी मिल्ने
कूम्भः पढाईमा ध्यान दिनुपर्ने
मीनः शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# पाकिस्तानको ब्रोड पिक हिमपहिरोमा नेपालीसहित तीन पर्वतारोहीको शव फेला




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ श्रावण

पाकिस्तानको ब्रोड पिक हिमालमा हिमपहिरोमा परी बेपत्ता भएका १० पर्वतारोहीको खोजीका क्रममा उद्धार टोलीले चार शव फेला पारेको छ । तीमध्ये तीन जनाको शव शुक्रबार बाहिर निकालिएको अधिकारीले जनाएका छन्। खराब मौसमका कारण हेलिकप्टरमार्फत खोजी तथा उद्धार कार्य प्रभावित भएको छ ।

गिलगिट-बाल्टिस्तान क्षेत्रीय सरकारले फेला परेका तीन शव नेपाली पर्वतारोही पूर्णबहादुर गुरुङ, ओमानी पर्वतारोही नथिरा अहमद र अमेरिकी पर्वतारोही स्यालोरी गेइसको भएको पुष्टि गरेको छ । शवहरू अस्पताल पठाइएको छ । अधिकारीका अनुसार चौथो शव पनि फेला परेको छ, तर त्यसको पहिचान अझै खुलाइएको छैन । गिलगिट-बाल्टिस्तानका मुख्यमन्त्री अमजद हुसेनले खराब मौसमका कारण शुक्रबार पनि उद्धार कार्य प्रभावित भएको बताए । अल्पाइन क्लब अफ पाकिस्तानका उपाध्यक्ष करार हैदरीका अनुसार ब्रोड पिक आरोहणका क्रममा हिमपहिरो गएपछि पर्वतारोहीहरूको आधार शिविरसँग सम्पर्क विच्छेद भएको थियो । "टोली बिहीबारदेखि सम्पर्कविहीन छ," उनले भने ।

खोजी तथा उद्धार कार्यमा पाकिस्तानी सेनाका हेलिकप्टर समेत परिचालन गरिएको उनले जानकारी दिए । अधिकारीका अनुसार बेपत्ता पर्वतारोहीहरूको खोजी शुक्रबार साँझसम्म जारी राखिएको थियो भने शनिबार पुनःसञ्चालन गरिनेछ । आठ हजार ४७ मिटर उचाइको ब्रोड पिक विश्वको १२औँ अग्लो हिमाल हो ।

पाकिस्तानको काराकोरम पर्वतशृङ्खलामा अवस्थित यस क्षेत्रमा विश्वका ८,००० मिटरभन्दा अग्ला १४ हिमालमध्ये पाँच ओटा रहेका छन् । अल्पाइन क्लबका अनुसार अभियान टोलीमा पाँच नेपाली, एक पाकिस्तानी, एक चिनियाँ, एक ओमानी, एक अमेरिकी तथा अर्को एक विदेशी पर्वतारोही सहभागी थिए ।

बेपत्ता भएकामध्ये आफ्ना कुनै नागरिक छन् कि छैनन् भन्नेबारे पुष्टि गरिरहेको चीनले आवश्यक परे सहयोग उपलब्ध गराउने जनाएको छ । अभियानको नेतृत्व नेपालमा जन्मिएका बेलायती पूर्वसैनिक तथा चर्चित पर्वतारोही निर्मल पुर्जा (निम्स दाइ) ले गरेका थिए । उनले सन् २०१९ मा विश्वका १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमाल १८९ दिनमा आरोहण गरी विश्व कीर्तिमान बनाएका थिए ।

ब्रोड पिक आरोहणका लागि अभियान पाकिस्तानस्थित ट्राभल कम्पनी मुभिङ माउन्टेन्सले आयोजना गरेको थियो ।

# कानुनी प्रक्रियामार्फत समस्या समाधान गर्न आग्रह



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १६ श्रावण

राम युवा कमिटी जनकपुरधामले सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्ज, सिरहाको गोलबजार तथा तराई मधेशका विभिन्न जिल्लामा भएका पछिल्ला घटनाप्रति गम्भीर चासो व्यक्त गर्दै शान्ति, सामाजिक सद्भाव र कानुनी प्रक्रियामार्फत समस्या समाधान गर्न आग्रह गरेको छ ।

कमिटीका अध्यक्ष सरोज कुमार साहद्वारा शनिबार जारी विज्ञप्तिमा पछिल्ला घटनालाई अत्यन्त संवेदनशील र दुःखद भन्दै त्यसबाट सिर्जित तनावपूर्ण अवस्थाप्रति गहिरो चिन्ता व्यक्त गरिएको छ । साथै, यस्ता घटनाले सामाजिक सद्भाव र आपसी विश्वासमा असर पुर्याएको उल्लेख गर्दै सबै पक्षलाई संयम अपनाउन आह्वान गरिएको छ । विज्ञप्तिमा सुनसरी घटनामा ज्यान गुमाएका ओमप्रकाश मेहता र जयप्रकाश मेहता तथा सिरहाको गोलबजार घटनामा मृत्यु भएका गणेश यादवप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरिएको छ ।

साथै, घटनामा घाइते भएका सर्वसाधारण र सुरक्षाकर्मीहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ । कमिटीले नेपाल सरकार र सम्बन्धित प्रशासनसँग घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्न, पीडित परिवारलाई न्याय सुनिश्चित गर्न तथा यस्ता घटना पुनः दोहोरिन नदिन प्रभावकारी सुरक्षा व्यवस्था गर्न माग गरेको छ । विज्ञप्तिमार्फत नागरिक, धार्मिक तथा सामाजिक अगुवा, विभिन्न संघसंस्था, क्लब तथा सरोकारवाला सबै पक्षलाई शान्ति, संयमता र सामाजिक सद्भाव कायम राख्न अपिल गरिएको छ ।

कुनै पनि बहानामा उद्योग, व्यवसाय, निजी तथा सार्वजनिक सम्पत्तिमा क्षति नपुर्याउन र सामाजिक तथा धार्मिक सहिष्णुता जोगाउन सबैलाई जिम्मेवार बन्न आग्रह गरिएको छ । कमिटीले विज्ञप्तिमा नेपाललाई हिन्दु राष्ट्र कायम गर्नुपर्ने मागसमेत उठाएको छ । अध्यक्ष सरोज कुमार साहले जारी गरेको विज्ञप्तिमा वर्तमान संवेदनशील अवस्थामा संवाद, कानुनी प्रक्रिया र आपसी सहकार्यबाट मात्रै दीर्घकालीन समाधान सम्भव हुने उल्लेख गर्दै सबै पक्षलाई कुनै पनि प्रकारको मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक वा धार्मिक क्षति हुन नदिने वातावरण निर्माणमा सहयोग गर्न आग्रह गरिएको छ ।












# जनकपुरधामक वर्तमान संकट, सुरक्षा प्रश्न आ राज्यक

**-मुरली मनोहर मिश्र**

आइ साउन १६ गते जनकपुरधामस्थित जिल्ला प्रशासन कार्यालय, धनुषामे सरकार, हिन्दु सम्राट सेना तथा विभिन्न हिन्दुवादी संगठनक प्रतिनिधिबीच भेल वार्ता बिना कोनो निष्कर्ष समाप्त भऽ गेल। लगभग दू घण्टासँ बेसी समय धरि चलल छलफल अन्ततः "पुनः वार्ता करब"क सहमतिमे सीमित रहि गेल। सतही दृष्टिसँ यी लोकतान्त्रिक प्रक्रियाक हिस्सा प्रतीत होइत अछि, मुदा गम्भीर विश्लेषण करब तऽ यी घटनाक्रम राज्यक निर्णयहीनता, राजनीतिक अवसरवाद आ प्रशासनिक अस्पष्टताक प्रतीक सेहो देखाइत अछि।

जनकपुरधाम एखन केवल धार्मिक नगरी नैइ रहल अछि; यी नेपालक राजनीति, पहिचान, धर्म, संस्कृति आ राज्यसत्ताक परीक्षणस्थल बनि गेल अछि। विगत किछु सप्ताहमे जेना घटनाक्रम विकसित भेल अछि धार्मिक विवाद, विरोध प्रदर्शन, कर्फ्यू, सुरक्षा परिचालन, सद्भाव रैली, प्रतिरोध रैली, राजनीतिक हस्तक्षेप तथा अन्ततः सरकारी वार्ता ओहि सभसँ स्पष्ट अछि जे समस्या केवल कानून-व्यवस्थाक नैइ, बल्कि विश्वासक संकट बनि चुकल अछि।

सबसँ पैघ प्रश्न वार्ताक निष्कर्ष नैइ निकलनाइ सँ बेसी वार्ताक संरचना पर उठैत अछि, जेनाकी:

क) वार्ताक उद्देश्य की छल ?
ख) सरकारक आधिकारिक प्रस्ताव की छल ?
ग) आन्दोलनकारी पक्षक न्यूनतम माग की छल ?
घ) मध्यस्थता करनिहारक भूमिका की छल ?

यदि एतेक महत्वपूर्ण बैठकक बाद जनता एहि आधारभूत प्रश्नक उत्तरसँ वञ्चित रहैत अछि तऽ स्वाभाविक रूपसँ शंका उत्पन्न होइत अछि जे कहीं यी वार्ता समाधानसँ बेसी समय-खरीदक राजनीतिक प्रयास तऽ नैइ छल ? लोकतन्त्रमे संवाद आवश्यक अछि, मुदा संवादक नाम पर अनन्तकाल धरि निर्णय टारल नैइ जा सकैत अछि। नेपालक राजनीतिक इतिहासमे एहन असंख्य उदाहरण छथि जतय "वार्ता जारी अछि" कहिकए सरकार तत्काल दबाब कम करैत रहल अछि, मुदा मूल समस्या समाधानक दिशामे एको ठोस कदम नैइ उठाओल गेल। जनकपुरधामक वर्तमान अवस्था सेहो ओहि दिशामे बढ़ैत देखाइत अछि। एहि सन्दर्भमे सुरक्षा व्यवस्थापन सम्बन्धी प्रश्न सेहो अत्यन्त महत्वपूर्ण अछि। जिला प्रशासन कार्यालय जेकाँ संवेदनशील सरकारी परिसरमे एहन उच्चस्तरीय वार्ता होइत अछि तऽ सहभागी सभक पहिचान प्रमाणीकरण, राष्ट्रिय परिचयपत्र, नागरिकता प्रमाणपत्र अथवा अन्य आधिकारिक दस्तावेजक जाँच अनिवार्य प्रक्रियाक हिस्सा होयबाक चाही। प्रश्न यी नैइ अछि जे सहभागी व्यक्तिसभ सन्देहास्पद छथि; प्रश्न यी अछि जे राज्य अपन स्थापित सुरक्षा मापदण्ड सभकेँ समान रूपसँ लागू करैत अछि कि नहि। यदि वार्तामे सहभागी सभक राष्ट्रिय परिचयपत्र तथा नागरिकता प्रमाणपत्रक प्रतिलिपि संकलन कएल गेल छल, तऽ प्रशासनकेँ यी स्पष्ट करबाक चाही। यदि नैइ कएल गेल, तऽ यी जानब आवश्यक अछि जे आखिर कोन आधार पर व्यक्तिसभकेँ आधिकारिक वार्तामे सहभागी बनाओल गेल ? नेपाल एखन डिजिटल परिचय प्रणाली, राष्ट्रिय परिचयपत्र तथा सुरक्षा व्यवस्थापनक आधुनिकीकरणक चर्चा करैत अछि, मुदा व्यवहारमे यदि प्रभावशाली समूहसभ लेल अलग नियम आ सामान्य नागरिक लेल अलग व्यवस्था रहत तऽ राज्यक विश्वसनीयता कमजोर होइत जाएत। राजनीतिक दृष्टिसँ एहि घटनाक्रमक दोसर रोचक पक्ष विभिन्न दलसभक भूमिका अछि। विशेष रूपसँ किछु राजनीतिक दल आ नेतासभ एक दिस सद्भाव, धर्मनिरपेक्षता तथा सामाजिक सहअस्तित्वक पक्षमे वक्तव्य दैत छथि, दोसर दिस धार्मिक आन्दोलनसभमे सक्रिय समर्थन अथवा सहानुभूति प्रकट करैत छथि। यी दोहरापन केवल राजनीतिक रणनीति नैइ, बल्कि वैचारिक अस्पष्टताक संकेत अछि। जनता एखन बुझि रहल अछि जे कतिपय राजनीतिक शक्ति सिद्धान्तसँ बेसी परिस्थितिक हिसाबसँ अपन भूमिका बदलैत अछि। एकहि मुद्दापर अलग-अलग मञ्चसँ अलग-अलग सन्देश देब लोकतान्त्रिक राजनीति नैइ, बल्कि जनभावनाक प्रबन्धन (management of sentiments) मात्र होइत अछि। जनकपुरधामक नागरिक समाजक दृष्टिसँ सेहो आत्ममन्थन आवश्यक अछि। प्रत्येक विवादक बाद सर्वपक्षीय बैठक, सद्भाव रैली, शान्तिक अपील तथा ज्ञापनपत्रक परम्परा बनि गेल अछि। मुदा मूल कारणक विश्लेषण, दीर्घकालीन समाधान तथा संस्थागत सुधारक दिशा मे अपेक्षित पहल कम देखाइत अछि। परिणामस्वरूप समस्या समाप्त नैइ होइत अछि, बल्कि समय-समय पर नव रूपमे पुनः प्रकट होइत रहैत अछि। धार्मिक संवेदनशीलता आ साम्प्रदायिक सद्भाव बीच सन्तुलन बनाओनाय राज्यक दायित्व अछि। मुदा राज्य तखनहि सफल मानल जाएत जखन ओकर निर्णय स्पष्ट, पारदर्शी आ निष्पक्ष हो। यदि सरकार केवल आन्दोलनकारी पक्षकेँ थकबाक प्रतीक्षा करैत रहत आ आन्दोलनकारी पक्ष केवल दबाब बढ़ेबाक रणनीति अपनौत, तऽ जनकपुरधाम समाधानक स्थान पर राजनीतिक प्रयोगशाला बनि जाएत।

सबसँ चिन्ताजनक पक्ष यी अछि जे वर्तमान घटनाक्रम धीरे-धीरे जनविश्वासक क्षय करैत अछि। जनता देखैत अछि जे कानून सामान्य नागरिक पर कठोर अछि, मुदा संगठित समूहसभ संग सरकार वार्ताक नाम पर विशेष व्यवहार करैत अछि। यी धारणा चाहे पूर्ण सत्य हो अथवा नैइ, मुदा लोकतन्त्रमे धारणा सेहो वास्तविकता जेकाँ प्रभावशाली होइत अछि। अन्ततः कहल जा सकैत अछि जे आजुक साउन १६ क वार्ता निष्कर्षविहीन मात्र नैइ रहल, बल्कि एहि घटनाक्रम राज्य, राजनीति, प्रशासन तथा नागरिक समाज सभक सामूहिक कमजोरीकेँ उजागर कएने अछि। यदि आगामी वार्ता स्पष्ट एजेण्डा, पारदर्शी प्रक्रिया, सुरक्षा मापदण्डक कठोर पालना तथा समाधानमुखी प्रतिबद्धताक संग नैइ होइत अछि, तऽ यी प्रक्रिया केवल समय बितेबाक औपचारिकता बनि कए रहि जाएत। जनकपुरधामकेँ एखन प्रतीकात्मक शान्ति नैइ, बल्कि न्यायपूर्ण, पारदर्शी आ स्थायी समाधानक आवश्यकता अछि। अन्यथा वार्ता बदलैत रहत, प्रतिनिधि बदलैत रहत, नारा बदलैत रहत मुदा समस्या ओतहि रहत जतय एखन अछि।












अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
शहिदनगर नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday